कान्तिपुर । सोमबार, ४ माघ, २०७२ (Monday, January 18, 2016)

# अम्रिसो र बाँसबाट करोडको आम्दानी

■ प्रताप विष्ट

हेटौंडा- दुई गाविसका चेपाङले वर्षेनी एक करोडभन्दा बढी मूल्य बराबरको अम्रिसो, बाँस र चोयाका सामान उत्पादन गर्ने गरेका छन् । बाँस र चोयाका सामान उत्पादन उनीहरूको यो पुस्तैनी व्यवसाय हो । अम्रिसो खेती विगत ३ वर्षदेखि गर्न थालेका हुन् । मकवानपुर र चितवनको सिमानामा पर्ने काँकडा र लोथर गाविसका चेपाङले बाँस र चोयाका मान्द्रा, भकारी, डोका, डाला, नाङ्ला, च्याकलगायत सामान उत्पादन गर्छन् ।

बारीको कान्ला र पाखामा अम्रिसोको खेती गर्ने गरेका छन् । गत वर्ष ४५ लाखभन्दा बढीको बाँस र चोयाका सामान उत्पादन गरेका थिए भने ५५ लाखभन्दा बढीको अम्रिसो बिक्री गरेका थिए । उनीहरूले उत्पादन गरेका सामानहरूको बिक्री कक्ष लोथर बजारमा राखिएको छ । चेपाङ समुदाय आबद्ध रहेको ग्रामीण सरोकार कृषि उत्थान तथा संकलन केन्द्रले उनीहरूले उत्पादन गरेका अम्रिसो, बाँस र चोयाका सामानहरू उचित मूल्यमा खरिद गरेर बिक्री गर्ने गरेको छ । संकलन केन्द्रको अभावमा चेपाङले उत्पादन गरेका सामानहरूले उचित मूल्य पाउन सकेका थिएनन् ।

'चेपाङले अम्रिसो, बाँस र चोयाबाट उत्पादन गरेका सामानहरू खरिद गरेर लोथर बजारस्थित संकलन केन्द्रमार्फत बिक्री गर्न थालेपछि चेपाङहरू अहिले अम्रिसो, बाँस र चोयाका सामानहरू उत्पादन गर्न सक्रियताका साथ जुटेका छन्' काँकडा गाविस १ सिलिडेका सिंहबहादुर चेपाङले भने, 'यस क्षेत्रका वृद्धहरूमात्र होइन युवाहरू पनि डोका, मान्द्रा, भकारी, डाला बनाउन थालेका छन् भने अम्रिसो खेती पनि गर्न जुटेका छन्' बजारको अभावले गर्दा चेपाङहरू डोका, डाला, नाङ्ला, मान्द्रालगायत चोया र बाँसका सामानहरू बनाउन छाडिसकेका थिए । आफूलाई प्रयोग गर्नमात्र बाँसका सामान बनाउने गर्थे अहिले बिक्रीका लागि उत्पादन गर्न थालेको सिंह बहादुरले भने ।

लोथरस्थित संकलन केन्द्रले लोथर र काँकडा गाविसका बासिन्दाले उत्पादन गरेका अम्रिसो, बाँस र चोयाका सामानहरू उचित मूल्यमा खरिद गर्ने गरेको छ । 'लोथर र काँकडा गाविसका चेपाङहरूले वर्षदिनमा एक करोड मूल्य बराबरको अम्रिसो, बाँस र चोयाका सामानहरू उत्पादन गर्छन्' लोथरस्थित संकलन केन्द्रका प्रमुख राजकुमार चेपाङले भने, 'एउटै परिवारले वर्षदिनभरिमा एक लाख रुपैयाँसम्मका मालसामान उत्पादन गर्ने गरेका छन् ।' यी दुई गाविसले उत्पादन गरेका अम्रिसो, बाँस र चोयाका सामानहरू संकलन केन्द्रमार्फत चितवन, हेटौंडा, काठमाडौं र पोखरा पुग्ने गरेका छन् ।

चेपाङहरूको आयआर्जन वृद्धि गराउने र परम्परागत सीपलाइ लोप हुन नदिने उद्देश्यले एमडीआई नेपालको सहयोगमा तीन वर्षअघि लोथरमा यो संकलन केन्द्र स्थापना गरिएको हो ।